मिति : २०७६/२/३ गते

प्रस्तावहरु

१. नगर सभा सम्बन्धमा ।
२. योजना तर्जुमा सम्बन्धमा ।
३. आ.व.२०७६/७७ को योजना छनौट सम्बन्धमा ।
४. नगर भित्रका सडक सम्बन्धमा ।
५. बायोग्यास जडान सम्बन्धमा ।
६. सौर्य ऊर्जा प्रविधि जडान सम्बन्धमा ।
७. गण्डकी प्रदेश सरकार समक्ष आयोजना छनौट गरी पठाउने सम्बन्धमा ।
८. शिक्षा कार्यक्रम सम्बन्धमा ।

निर्णय नं १

प्रस्ताव नं १ उपर छलफल गर्दा यस मध्यनेपाल नगरपालिकाको पाँचौ नगर सभा मिति २०७६/२/६ गते बस्ने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा आगामी आर्थिक आ.व.२०७६/७७ को लागि योजना तर्जुमा गर्नको लागि टोल, गाँउ, वडा, नागरिक समाज, विज्ञ टोली र सरोकारवाला सबैसँग परामर्श गरी योजना बनाउने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा आ.व. २०७६/७७ को योजना प्रस्ताव गर्दा १ लाख देखि ४ लाखसम्मका योजनाहरु वडा आँफैले बनाउने र सोभन्दा ठूला योजना नगरपालिकाले तर्जुमा तथा छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ उपर छलफल गर्दा आगामी आर्थिक वर्षमा नगरको पहिलो प्राथमिकता **उत्पादनशिलता र कालोपत्रे सडक**लाई राखी योजनाहरु कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५ उपर छलफल गर्दा आ.व.२०७५/७६ को बार्षिक कार्यक्रम अर्न्तगत रहेको बायोग्याँस जडान कार्यक्रम प्राप्त गर्न इच्छुक व्यक्ति, संघ, संस्थाहरुबाट निवेदन पेश गर्नको लागि ७ दिने सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ उपर छलफल गर्दा आ.व.२०७५/७६ को बार्षिक कार्यक्रम अर्न्तगत रहेको सौर्य ऊर्जा प्रविधि जडान कार्यक्रम नगर भित्रका कार्यालय, संस्था, कृषि फर्म आदिमा आवश्यकता हेरी औचित्यका आधारमा प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ७

प्रस्ताव नं ७ उपर छलफल गर्दा गण्डकी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ८५६ र मिति २०७६/१/२६ को पत्रबाट आगामी आर्थिक वर्ष २०७६/७७ मा समपूरक अनुदान सम्बन्धी कार्यविधि २०७५ र विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ अनुसार सहलगानीमा कार्यान्वयन हुने रु १ करोड देखि ३ करोड सम्मका आयोजना प्राथमिकीकरण गरी २०७६ जेठ ७ गते भित्र आयोजना प्रस्ताव छनौट गरी पठाउन लेखी आएकोले देहायका आयोजनाहरु प्राथमिकीकरणका आधारमा पठाउने निर्णय गरियो ।

१) चर्दी खोला पुल

२) रिङ्ग रोड निर्माण

३) भोर्लेटार-बाँग्रे-नेटा मोटर बाटो

४) नगरस्तरीय पार्क

५) नगरस्तरीय खेलमैदान

६) रम्घा-समिभञ्ज्याङ्ग-सूर्यपाल मोटर बाटो

७) केदार मार्ग मोटर बाटो

८) करापु भ्यू टावर निर्माण

निर्णय नं ८

प्रस्ताव नं ८ उपर छलफल गरी देहाय अनुसारको निर्णय गरियो ।

क) सामुदायिक विद्यालयहरुमा रिक्त करार/ राहत शिक्षकका लागि सम्बन्धित विद्यालयहरु बाट दरबन्दी रिक्त भएको निर्णय र कागजात सहित पेश हुन आएमा विज्ञापन गर्ने र नियुक्ती प्रक्रिया अगाडी बढाउने अनुमति शिक्षा, युवा तथा खेलकुद शाखाबाट दिने ।

ख) सामुदायिक विद्यालयहरुको रिक्त करार/राहत कोटामा वि.व्य.स.ले नियुक्ती गरेको शिक्षकको अभिलेख यस नगरको शिक्षा, युवा तथा खेलकुद शाखामा राख्ने र अभिलेखीकरण वापत आधारभूत तह (१-८) को लागि रु ५००/- र मा.वि. तहको लागि रु १०००/- लिने ।

ग) सामुदायिक सिकाई केन्द्रको परिचालक पद रिक्त भएमा नियुक्ति प्रकृयाको लागि शिक्षा युवा तथा खेलकुद शाखाबाट अनुमति दिने र अभिलेखीकरण वापत रु ३००/- लिने ।

घ) सामुदायिक विद्यालयहरुमा रिक्त विद्यालय सहयोगी, बालविकास सहयोगी कार्यकर्ता र विद्यालय सहायक कर्मचारी छनौटका लागि देहाय अनुसारको छनौट समितिबाट छनौट गर्ने ।

संयोजक - सम्बन्धित विद्यालयको वि.व्य.स. अध्यक्ष वा समितिले तोकेको सदस्य

सदस्य - विषय विज्ञ १ जना

सदस्य -नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रतिनिधि

सदस्य-सचिव - विद्यालय प्र.अ.

ङ) शिक्षकहरुको अन्तर जिल्ला तथा अन्तर पालिका सरुवा प्रयोजनको लागि सरुवा सहमति विद्यालयको आवश्यकता, विषय तथा तह मिलेमा शिक्षा, युवा तथा खेलकुद शाखाबाट सहमति/अनुमति दिने र सो वापत रु ५०० लिने ।

च) कक्षा ८ को ग्रेड सीटको प्रतिलिपि आवश्यक प्रमाण र कागजात सहित माग भई आएमा प्रति प्रतिलिपि रु २००/- दस्तुर लिई उपलब्ध गराउने ।

छ) २०७६ बैशाख मसान्तसम्मको विद्यार्थी संख्या हेरी विद्यार्थी संख्या न्यून र शिक्षक दरबन्दी बढी भएको विद्यालयहरुको समायोजन प्रकृयालाई अगाडी बढाउने र वडाले त्यसको लागि विद्यालय स्तरमा छलफल तथा सहजीकरण गर्ने ।

ज) आ.व. २०७५/७६ को देहायका कार्यक्रमहरु निम्नानुसारको विद्यालयहरुलाई वितरण गर्ने निर्णय गरियो ।

१) पानी तथा स्वास्थ्य र सरसफाई सुविधा सहितको शौचालय

- शारदा सदन प्रा.वि. मध्यनेपाल १०, लमजुङ
- सूर्य ज्योती मा.वि. जिता

२) मा.वि.मा पुस्तकालय स्थापना र व्यवस्थापन

- ईशानेश्वर मा.वि. भोर्लेटार
- गणेश मालिका मा.वि. नेटा
- कल्याण मा.वि. बेशी बाँग्रे

३) शिक्षण सिकाईमा आई.सि.टी. प्रयोग

- कुसुमाकर मा.वि. रामबजार
- सप्तधारा मा.वि. जिता

४) मा.वि.मा विज्ञान प्रयोगशाला

- बालविकास मा.वि. ता.टक्सार
- मंगला मा.वि. सोतीपसल

झ) गणित, विज्ञान र अंग्रेजी विषयका लागि आधारभूत तहका लागि सामाग्री अनुदान, शिक्षकको शिक्षण सिकाईमा विताउने समय अवधि सुधार योजना कार्यान्वयन तथा उत्कृष्ट सिकाई उपलब्धि भएका विद्यालयहरुलाई सिकाई सुदृढीकरण र कार्य सम्पादनमा आधारित अनुदानका लागि ७ (सात) दिने सूचना दिई थप निवेदन संकलन पश्चात निर्णय गरि वितरण गर्ने ।